निर्णयहरु

१. २०८० साल कात्तिक १७ गते शुक्रबार जाजरकोट जिल्ला केन्द्रविन्दु भई गएको भूकम्पबाट मृत्यु भएका सम्पूर्ण मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनहरूमा समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

२. जाजरकोट भूकम्पबाट भएको धनजनको क्षतिको खोज, उद्धार, उपचार र राहत व्यवस्थापन लगायतका कार्यमा सहयोग पुऱ्याउनु हुने सरकारी, गैरसरकारी संघसंस्था तथा व्यक्तिहरुलाई धन्यवाद दिदै आगामी दिनको राहत, पुनःस्थापना तथा पुनर्निर्माण लगायतका कार्यहरुमा सरकारी निकायहरूले समन्वयात्मक रुपमा कार्य गर्ने।

३. भूकम्पबाट प्रभावित नागरिकका लागि राष्ट्रसेवक कर्मचारीको तर्फबाट विशिष्ट तथा प्रथम श्रेणीका कर्मचारीबाट ३ दिन, अधिकृतस्तरका कर्मचारीबाट २ दिन तथा सहायकस्तर एवं अन्य सबै कर्मचारीहरूबाट १ दिन बराबरको तलब सहायता प्रदान गर्ने। सो रकम प्रधानमन्त्री कोषको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको चल्ती खाता नं ११३०१०००३७६२००१ (PM DAIBI PRAKOP UDAR KOSH: 1130100003762001) मा जम्मा गर्नु भई सोको भौचर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुख श्री सूर्यबहादुर भण्डारीको Whatsapp no. 9861606266 मा पठाउने।

४. राहत, पुनर्स्थापना तथा पुनर्निर्माणमा प्रदेश र स्थानीय तहको मुख्य जिम्मेवारी हुने गरी संघीय निकायले आवश्यक समन्वय, सहजीकरण र अनुगमनको कार्य गर्ने तथा संघीय कार्यालयहरुसँग समन्वयका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री मणिराम गेलाललाई जिम्मेवारी दिने।

२०८०।०७।१९

मुख्य सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं